"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार, समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

स्थानीय सरकार

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे, कालीकोट

पत्र संख्या:-२०८२/८३ कर्णाली प्रदेश, नेपाल

---

## सेवा करार सम्बन्धी सूचना ।

सूचना नं.१९-२०८२/८३ (प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१५)

नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) अन्तर्गत यस नगरपालिकाको लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नका लागि नगर कार्यपालिकाको मिति २०८२।१२।०६ गतेको निर्णयानुसार योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| विज्ञापन नं. | सेवा करारमा रहेको पद | संख्या | योग्यता |
|---|---|---|---|
| ०२ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (एक) | ➢ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/ समाजशास्त्र/ सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ उत्तीर्ण गरेको ।<br>➢ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा काम गरेको अनुभवीलाई विषेश प्राथमिकता दिइनेछ ।<br>➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email/Internet आदी भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>➢ कम्तीमा प्रवीणता प्रमाणपत्र तह १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण- पत्र प्राप्त गरेको र<br>➢ केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचीकृत भएको । |

१. आवेदन फाराम तिलागुफा नगरपालिकाको प्रशासन शाखा वा तिलागुफा नगरपालिकाको Website: **http://tilaguphamun.gov.np** को विद्युतीय सुशासन सेवा भित्र नमूना फारमबाट प्राप्त गर्न सकिने छ ।

२. आवेदन बुझाउने स्थानः तिलागुफा नगरपालिका, कर्मचारी प्रशासन शाखा, गाल्जे, कालीकोट ।

३. दरखास्त दिने अन्तिम मितिः २०८२/१२/२९ गते कार्यालय समय भित्र ।

४. दोब्बर दस्तुर तिरेर दरखास्त दिने मितिः २०८३/०१/०६ गते कार्यालय समय भित्र ।

५. परीक्षाको किसिमः तिलागुफा नगरपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

६. उम्मेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको तथा अपाङ्गको हकमा ४० ननाघेको) ।

कविराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या:-२०८२/८३
चलानी नं. :-

७. पारिश्रमिक तथा सेवा सुविधाः सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ अनुसार हुनेछ ।

८. आवेदन शुल्कः रु ५००(पाँच सय मात्र) यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंकमा रहेको राजश्व खाता नं. ०६२०१४००२५०००९ मा जम्मा गरी सोको सक्कल भौचार पेश गर्नुपर्नेछ ।

९. सम्पर्क मितिः २०८३/०१/०७ गते ।

१०. परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।

११. आवेदनमा संलग्न गर्नुपर्ने:

- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि थान १ ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान १ ।
- काउन्सिलमा दर्ता र नवीकरण भएको प्रमाणपत्र प्रतिलिपि थान १ ।
- सम्वन्धित विषयको कार्य अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि थान १
- कम्प्युटर सम्बन्धी ३ महिने आधारभूत तालिम प्राप्त गरेको प्रमाणपत्र थान १
- पासपोर्ट साइजको फोटो २ प्रति ।

..............
(कविराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत